नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-स्था.त.स.शा./जानकारी/फा.नं.३./२०७६/७७ मितिः- २०७६/११/०६

चलानी नं.:- ३३०

विषयः कार्ययोजना कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तहहरु, सबै।

प्रस्तुत विषयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं. १३७, प.स. २०७६/७७, मिति २०७६/११/०१ को कार्यायोजना कार्यान्वयन सम्बन्धी प्राप्त पत्र र कार्ययोजना संलग्न छ। सो सम्बन्धमा थप व्यहोरा पत्रबाटै अवगत गर्नुभई कार्ययोजना कार्यान्वयनमा आवश्यक सहयोग र समन्वय गरिदिनको लागि आदेशानुसार अनुरोध छ।

.........................

जनकराज शर्मा

शाखा अधिकृत

**बोधार्थः**

श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, लैंगिक हिंसा निवारण शाखा,
सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गरिदिनुहुन।

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**
**(लैंगिक हिंसा निवारण शाखा)**

सिंहदरबार, काठमाण्डौं
फोन नं. :४२००५०२
फ्याक्स : ४२००११६
email:gbvps.mowcsw@

पत्र संख्या :- ०७६।७७(लै.हि.नि.)
च.नं. :- 136

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
स्थानीय तह समन्वय शाखा,
सिंहदरबार, काठमाडौं ।

मिति: २०७६।११।०१

विषय :-कार्ययोजना कार्यान्वयन गराईदिने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/०२/६ को निर्णयानुसार वर्ष २०७६ लाई लैगिंक हिंसा विरुद्धको वर्ष अभियानको रुपमा मनाउने घोषणा भएको व्यहोरा अवगतार्थ अनुरोध छ । यसै सन्दर्भमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले, संबैधानिक निकायका प्रतिनिधि,जिल्ला समन्वय समिति महासंघ नेपाल, तीन तहका सरकार, सुरक्षा निकायका प्रतिनिधि, विभिन्न सरकारी तथा गैर सकारी संघ संस्था, विषय विज्ञहरु,सरोकारवाला निकायहरु,सम्बन्धित मन्त्रालयहरुले दिएका सुझावहरुलाई समेटी तयार गरिएको लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष, २०७६ वार्षिक कार्यान्वयन कार्ययोजना मिती २०७६।०९।२२ को महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री पार्वत गुरुङज्यूको अध्यक्षतामा बसेको मूल समारोह समितिको वैठकले स्विकृत गरीएको कार्ययोजनालाई छपाई गरी ७५३ वटा स्थानीय तहमा तीन प्रतिका दरले पठाईसकिएको ब्यहोरा अनुरोध छ ।

उक्त कार्यान्वयन कार्ययोजना सवै स्थानिय तहहरुलाई कार्यान्वयन गराउने व्यवस्थाका लागि आवश्यक सहयोग र समन्वय गरिदिनु हुन अनुरोध छ ।

०७६।११।०१

(रोशनी देवी कार्की)
उपसचिव

लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष, २०७६

# वार्षिक कार्यान्वयन कार्ययोजना

आ.व. २०७६/०७७

नेपाल सरकार

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरवार, काठमाडौं

## लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष, २०७६
## वार्षिक कार्यान्वयन कार्ययोजना, आ.व. २०७६/०७७


**प्रकाशक:**

**नेपाल सरकार**

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

सिंहदरवार, काठमाडौं ।

फोन नं.: ०१–४२००३३७, ४२००५०२

फ्याक्स नं.:०१– ४२००११६

इमेल :www.mowcsc.gov.np

io@mowcsc.gov.np

info@mowcsc.gov.np

| | |
|---|---|
| **प्रकाशन प्रति** | : ४००० प्रति |
| **प्रकाशन मिति** | : २०७६ माघ |
| **सल्लाहकार** | : सचिव, चन्द्रकुमार घिमिरे |
| **संयोजन** | : सहसचिव, रुद्रादेवी शर्मा |
| **उप संयोजन** | : उपसचिव, रोशनी देवी कार्की |
| **सहायक संयोजन** | : शाखा अधिकृत, सिन्धु पाठक |
| **कम्प्युटर** | : पबिना मिश्र |

**मुद्रण:** एनी टाइम प्रिन्टिङ एण्ड सप्लायर्स प्रा. लि.

प्रधानमन्त्री

काठमाडौं, नेपाल



## शुभकामना

लैंगिक हिंसा विरुद्धको अभियान सफलताका लागि सर्वप्रथम सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु। यस अभियानमा आ-आफ्नो स्थानबाट सक्रिय रहन म सबैमा हार्दिक आह्वान गर्दछु।

सन् १९९१ देखि शुरु भएको लैंगिक हिंसा विरुद्ध विश्वव्यापी अभियान प्रत्येक वर्ष नोभेम्बर २५ तारिख देखि डिसेम्बर १० तारिख सम्म (तदनुसार मंसिर ९ गते देखि २५ गते) सम्पन्न हुने गरेको छ। नेपालले बि.सं.२०५४ साल देखि देशव्यापी रुपमा यो अभियान सञ्चालन गर्दै आएको छ। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/८/२ को निर्णयानुसार हरेक बर्ष मङ्सिर ९ गतेलाई महिला हिंसा बिरुद्धको अभियान दिवसको रुपमा मनाउने निर्णय गरेकोछ। यसैगरी नेपाल सरकारको २०७६ जेठ ६ गतेको निर्णयले वर्ष २०७६ लाई लैंगिक हिंसा विरुद्धको अभियान वर्ष घोषणा गरेको छ। यस सिलसिलामा पाँचैवटा प्रदेशमा संघ, प्रदेश, स्थानीय तहको राजनीतिक नेतृत्व र अन्य सरोकारवालाको सहभागितामा हिंसा विरुद्ध लिखित प्रतिबद्धता सहित अभियान सञ्चालन गरिएको छ।

लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियानको उद्देश्य लैंगिकताको आधारमा हुने सबै प्रकारका हिंसा, विभेद, कुरीति, अन्धविश्वास अपराध, वहिष्करण र बञ्चितिकरणलाई अन्त्य गर्दै महिला र पुरुष बीच हुने गरेका सबै किसिमका विभेद र असमानता हटाउने हो। बालबालिका, किशोरी, वयस्क, वृद्धा, महिला र सबै लिंगका मानिसहरुलाई विना भेदभाव सम्मानित जीवनयापन गर्न सक्षम तुल्याउनु हो। यो अभियान लैगिंक हिंसा रहित, समतामूलक समाज निर्माण गर्न कोशेढुंगा सावित हुने बिश्वास लिएको छु। यस अभियानमा सक्रिय हुनुहुने सम्पूर्ण दाजुभाइ, दिदीबहिनी, राजनीतिकर्मी, नागरिक समाज तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

यस वर्ष **Orange the World : Generation Equality Stands against Rape** को रुपमा लैंगिक हिंसा विरुद्धको दिवस विश्वभर मनाईदै छ। यसै अनुरुप उल्लेखित १६ दिने अवधिमा **'समानताको पुस्ताः बलात्कार विरुद्ध ऐक्यवद्धता'** भन्ने नाराका साथ बिभिन्न कार्यक्रमहरु गरी मनाउन संघीय सरकारका मन्त्रालय तथा निकायहरु, सातवटै प्रदेश सरकार, स्थानीय तह, सरोकारवाला निकाय, निजी तथा गैरसरकारी संघ संस्थाहरुमा हार्दिक आह्वान गर्दछु।

नेपाल सरकारले महिला बिरुद्ध हुने सबै किसिमका हिंसामा शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ। अर्थात् मानव हित विरुद्धका यस्ता गतिविधिलाई सरकारले किञ्चित सहने छैन। नेपालको

प्रधानमन्त्री

काठमाडौं, नेपाल

संविधानले लैंगिक लगायत सबै किसिमका विभेदको अन्त्य गर्ने संकल्प लिएको छ । संविधानको धारा ३८ मा महिलाको मौलिक हक अन्तर्गत महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी हक, पीडितलाई क्षतिपूर्ति पाउने हक राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, सकारात्मक विभेदका आधारमा विशेष अवसर पाउने हक र दम्पतीको समान हकको प्रत्याभूत गरेको छ ।

महिलाको मानव अधिकार र महिला अधिकारका लागि अन्तर्राष्ट्रिय महासन्धिहरु विशेषगरी मानव अधिकारको विश्वव्यापी घोषणा १९४८, राजनीतिक तथा नागरिक एवं आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि १९७९ को पक्ष राष्ट्र बनिसकेको सन्दर्भमा नेपाल सरकार महिला केन्द्रित नीति, कानून, योजना, संरचना तथा कार्यक्रम निर्माण गरी उपलब्ध स्रोत तथा साधनको अधिकतम प्रयोग गरेर महिलाहरुको जीवनस्तर उकास्ने सन्तुलित, समृद्ध र सुखी समाज निर्माण गर्न अग्रसर छ ।

संविधान कार्यान्वयनको चरणमा महिला अधिकारको क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल भएका छन् । सन् २०१७ मा सम्पन्न तीन तहको निर्वाचनद्वारा १४,६०० भन्दा बढी महिलाहरु विभिन्न तहमा निर्वाचित भएका छन् । राजनैतिक संरचनामा महिलाको सहभागिता स्थानीय तहमा ४१ प्रतिशत, प्रदेशमा ३४ दशमलव ५ प्रतिशत र संघमा ३३ दशमलव ५ प्रतिशत पुगेको छ । हाम्रो उपलब्धि दक्षिण एसिया तथा विश्वकै विकसित मुलुकका लागि समेत प्रेरणादायी रहेको छ । हाम्रो मुलुकमा विभिन्न विधा र फाँटहरुमा महिलाहरुले सफल नेतृत्व गरिरहेका छन् । उनीहरु परिवर्तनका संवाहक बनेका छन् । यति हुँदाहुँदै पनि लैंगिक हिंसाका घटनाहरु आशातीत रुपमा न्यूनीकरण हुन सकेको छैन । कानूनी प्रबन्धले मात्र हामी यस्ता लैंगिक हिंसाका घटनालाई अन्त्य गर्न सक्दैनौं । व्यक्तिको अन्तरचेतनामा विवेक र करुणा पैदा गर्न सामाजिक अभियान नै आवश्यक पर्छ ।

सोचमा रहेको लैंगिक असंवेदनशीलता र गरिबीका कारण हाम्रा अवोध छोरी, दिदी, बहिनी, वुहारी, आमाहरूमाथि अहिले पनि छाउको नाममा छुवाछुत, बेचबिखन, श्रम शोषण, वोक्सीको आरोप, यौनजन्य दुर्व्यवहार, बलात्कार, हत्या, एसिड आक्रमण लगायतका जघन्य अपराधहरु भएका छन् । यस्ता हिंसाहरु मानव सभ्यताका लागि कलङ्क हुन्, सभ्य, लोकतान्त्रिक र सम्मानजनक जीवन जिउन पाउने मानव अधिकारका वाधा हुन् । देशको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक समानताका बाधक हुन् । सामाजिक अन्धविश्वासको आड लिएर हुने यस्ता हिंसा विरुद्ध राज्य र समाज दुवै तहमा सार्थक अभियान चलाइनु पर्छ । **'समृद्ध नेपाल-सुखी नेपाली'** राष्ट्रिय आकाङ्क्षाको पूर्णताका लागि लैंगिक हिंसाको समूल अन्त्य हुनैपर्छ ।

प्रधानमन्त्री

काठमाडौं, नेपाल

लैंगिक हिंसा महिलाको मात्र नभई हरेक व्यक्ति, परिवार, समाज र राष्ट्रको समस्या हो । सामाजिक रुपमा रहेका सबै समस्याको निदान संविधान र कानूनबाट मात्र सम्भव हुँदैन । समाजमा महिलालाई हेर्ने सोच र दृष्टिकोणमा परिवर्तन आवश्यक छ । सकारात्मक परिवर्तनका लागि हरेकले आफूबाट शुरुवात गर्नु आवश्यक छ । त्यसैले लैंगिक हिंसा पीडितको मानव अधिकार संरक्षण गर्न र लैंगिक हिंसा अन्त्य गर्न म सम्पूर्ण व्यक्ति, परिवार, समाज र सम्बन्धित सबै निकायलाई संवेदनशील हुन आग्रह गर्दछु ।

लैंगिक हिंसा सम्बन्धी कुनै पनि जघन्य घटनाका अपराधीहरुलाई सरकारले कानूनी दायरामा ल्याउनेछ । त्यस्ता अपराधीलाई कडा भन्दा कडा सजाय दिने कुरामा सरकार कुनै सम्झौता गर्ने छैन । सरकारले ल्याइएको मुलुकी देवानी संहिता तथा मुलुकी अपराध संहिताको प्रभावकारी कार्यान्वयनले हिंसा अन्त्यमा थप बल प्रदान गर्ने मैले बिश्वास लिएको छु ।

लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान तथा नेपाल सरकारले घोषणा गरेको वर्ष २०७६ लाई लैंगिक हिंसा विरुद्धको वर्ष अभियानको रुपमा सफल पार्न म तीनै तहका सम्पूर्ण सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्था, नागरिक समाज, मिडिया र आम नागरिकलाई आह्वान गर्दछु । साथै यस अभियानको पूर्ण सफलताका लागि हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद ।

**९ मंसिर, २०७६**

**केपी शर्मा ओली**

(तदनुसार २५ नोभेम्बर, सन् २०१९)

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको निजी सचिवालय**
सिंहदरवार, काठमाण्डौ, नेपाल

माननीय पार्वत गुरुङ्ग
मन्त्री

फोन नं.: ४२००२८०/४२११११९२/४२००१५३
फ्याक्स: ४२००११६/५५२६१३५
वेभसाइट: www.mowcsc.gov.np
इमेल: info@mowcsc.gov.np

पत्र संख्या :
चलानी नं. :

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय माननीय मन्त्रीज्यूको निजी सचिवालय सिंहदरवार, काठमाडौं



## मन्तव्य

सन् १९९१ देखि प्रत्येक वर्ष २५ नोभेम्बरदेखि १० डिसेम्बर (तदनुसार मंसीर ९ देखि २४) सम्म महिला हिंसा विरुद्धको १६ दिने अभियान मनाउने गरिएको छ । यो अभियान यस वर्ष"Orange the World: Generation Equality Stands Against Rape" भन्ने अन्तर्राष्ट्रिय नारा अनुरुप "**समानताको पुस्ताः बलात्कार बिरुद्ध ऐक्यबद्धता** " भन्ने राष्ट्रिय नारा सहित विभिन्न कार्यक्रमहरु गरी लैंगिक हिंसा बिरुद्धको अभियान सम्पन्न गरियो। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/७/२९ को निर्णयानुसार हरेक बर्ष २५ नोभेम्बर अर्थात् मङ्सिर ९ गतेलाई लैंगिक हिंसा बिरुद्धको अभियान दिवसको रुपमा मनाउने निर्णय समेत गरेको छ । त्यसैगरी वर्ष २०७६ लाई लैंगिक हिंसा विरुद्धको अभियान वर्षको रुपमा संघ, प्रदेश र स्थानीय तहले मनाउन नेपाल सरकारको २०७६ जेष्ठ ६ गते निर्णय गरेको थियो। मन्त्रालयले अभियान वर्षमा विविध कार्यक्रम सहित योजनावद्ध कार्यक्रम गर्नको लागि कार्ययोजना निर्माण गरी संघमा विभिन्न सरोकारवाला निकायमा छलफल गरियो। त्यसै गरी सातवटै प्रदेशमा अभियानमूलक कार्यक्रम गरी प्राप्त सुझावहरुलाई लिएर कार्ययोजनालाई परिमार्जन गरी प्रकाशन गर्न लागेका छौं । यो अभियानमा सहभागी भई प्रतिबद्धता जनाउनु हुने प्रदेश सरकारका मुख्यमन्त्रीज्यूहरु लगायतका नेतृत्वहरु, स्थानीय तह, निजी तथा गैरसरकारी संघ संस्थाहरु, संचार माध्यमहरु सबैमा हार्दिक धन्यवाद दिदै कार्ययोजनाको सफलता तथा लैगिक हिंसा बिरुद्धको अभियानमा जुट्न सबैलाई हार्दिक आह्वान गर्न चाहन्छु ।

नेपाल सरकारले सबै किसिमका हिंसा विरुद्द शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ । महिला विरुद्ध हुने भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई राज्यले कानुनद्धारा दण्डनीय बनाएको छ । नेपालको संविधानले राज्य संरचनामा महिलाको कम्तीमा ३३ प्रतिशत प्रतिनिधित्व गराउने व्यवस्था, प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान अंशिय र वंशीय हक तथा राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने विशेष व्यवस्था गरेको छ । त्यसैगरी शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक समेत प्रदान गरेको छ । महिला अधिकारको क्षेत्रमा हामीले हासिल गरेको विभिन्न उपलब्धिहरुको स्मरण गरी रहँदा अझै पनि नेपालको कतिपय समाज र विशेष गरी सीमान्तकृत र पिछडिएको क्षेत्र एवम् समुदायमा लैङ्गिक विभेदका स्वरुपहरु विद्यमान रहेको छ । हिंसा, मानव वेचविखन तथा ओसारपसार, दाइजो, छाउपडी, बोक्सीको आरोप र बालविवाह जस्ता सामाजिक कुप्रथा र कुसंस्कारलाई पूर्णरुपमा अन्त्य गर्न नसकिएको यथार्थ हाम्रो सामु छ । यसको लागि महिलाहरुलाई आर्थिक रुपमा नै सबल र सशक्त बनाउन जरुरी छ । महिलाको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रकृयामा ल्याई महिला विरुद्ध हुने हिंसाको अन्त्य गर्न महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सदैव प्रयत्नरत छ । नेपाल सरकारले आर्थिक बर्ष २०७६/७७ लाई लैंगिक हिंसा बिरुद्धको अभियान बर्ष घोषणा गरे अनुरुप यसैको आधारमा तयार गरिएको कार्ययोजनालाई संघ, प्रदेश तथा स्थानीय सरकारवाट कार्यान्वयन हुने कुरामा विश्वस्थ छु । साथै सबै किसिमका हिंसा विभेद र कुरीति विरुद्ध सबै तहवाट अभियानमा जुट्न र ऐक्यबद्ध हुन सबैलाई थप हौसला र उत्प्रेरणा प्राप्त होस् भन्ने अपेक्षा सहित हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु । साथै देश व्यापी अभियान संचालन गर्न तथा यस प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न मन्त्रालयका पदाधिकारी कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहान्छु।

२०७६/१०/११

**माघ, २०७६**

पार्वत गुरुङ्ग
मन्त्री
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

नेपाल सरकार
**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

विषय :- **"राष्ट्रिय महिला अधिकार दिवस"** मनाउने ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः— २०७६।०२।०५

१. **विषयको संक्षिप्त व्यहोरा**

मिति २०६३ साल जेठ १६ गते तत्कालीन प्रतिनिधि सभाका माननीय सांसद, हाल सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले प्रतिनिधि सभामा निम्नानुसारको विषय कार्यान्वयन गर्न जरुरी सार्वजनिक महत्वको प्रस्ताव पेश गर्नु भएको र उक्त प्रस्ताव संसद्को सर्वसम्मतिबाट पारित भएको ।

(क) आमा वा बाबुमध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने कुराको ग्यारेन्टी गर्न,

(ख) समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एक तिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न,

(ग) विभेदकारी कानूनको खारेजी गर्न,

(घ) महिलाप्रति हुने गरेका हिंसाको अन्त्य गर्न ।

माथि उल्लेख गरिएका प्रस्तावहरुका आधारमा संविधानको धारा ३८ लगायतका महिलाको हकको व्यवस्थाहरु भई अंशीय तथा वंशीय समानताको हकसहित विभिन्न हकहरु स्थापित भएको । संवैधानिक प्रावधान अनुसार राज्यका महत्वपूर्ण पदहरुमा र संघ, प्रदेश तथा स्थानीय तहका निर्वाचित पदहरुमा महिलाको उल्लेख्य प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित भएको । त्यसैगरी थप उपलब्धि प्राप्तिका लागि हाल विगतका विभेदकारी कानूनहरु खारेज गरी नयाँ ऐन कानूनहरु निर्माण भइरहेको ।

लैङ्गिक समानताका लागि नीतिगत, कानुनी एवं कार्यक्रमगत हस्तक्षेपद्वारा महिला सशक्तीकरण तथा हिंसा निवारणका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सरकारका तीनै तहबाट राष्ट्रियस्तरदेखि समुदायस्तरसम्म निरन्तर रुपमा लैजान आवश्यक भएको। यसका लागि माथि उल्लिखित सार्वजनिक महत्वको प्रस्ताव पेश भएको दिनलाई "राष्ट्रिय महिला अधिकार दिवस"का रुपमा भव्यताका साथ मनाउन वाञ्छनीय भएको ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा**

संविधान प्रदत्त महिला अधिकारहरु कार्यान्वयन गराउन महिलाको सामाजिक तथा आर्थिक रुपान्तरणद्धारा विकास प्रक्रियाका सबै चरणहरुमा समान सहभागिता सुनिश्चित गर्नुका साथै समाजमा हानिकारक अभ्यासका रुपमा रहेका कुरीति, कु-संस्कार एवं सबै प्रकारका हिंसा अन्त्य गर्दै लैंगिक समानतामूलक समाज निर्माण गर्नु आवश्यक छ । यसका लागि प्रकरण १ मा उल्लिखित जरुरी सार्वजनिक महत्वको प्रस्तावहरुमा केन्द्रित भई निरन्तर रुपमा सामाजिक जागरण ल्याउन ऐतिहासिक दिन २०६३ जेठ १६ को स्मरणमा प्रत्येक वर्ष अलग अलग नारासहित "राष्ट्रिय महिला अधिकार

दिवस" को रुपमा मनाउन र वर्ष २०७६ लाई लैङ्गिक हिंसा विरुद्धको अभियान वर्षको रुपमा संघ, प्रदेश र स्थानीय तहले अभियान कार्यक्रम संचालन गर्न यस मन्त्रालयको प्रस्ताव रहेको ।

३. **प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिश**

प्रकरण (१) र (२) बमोजिम प्रत्येक वर्ष जेठ १६ गते **"राष्ट्रिय महिला अधिकार दिवस"** मनाउने र वर्ष २०७६ लाई लैङ्गिक हिंसा विरुद्धको अभियान वर्षको रुपमा संघ, प्रदेश र स्थानीय तहले अभियान कार्यक्रम संचालन गर्ने प्रयोजनार्थ नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न मिति २०७६/०२/०५ मा विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त भएकाले नेपाल सरकार (कार्यसम्पादन) नियमावली,२०६४ अनुसूची १ को विषय संख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको ।

४. निर्णय हुनु पर्ने व्यहोरा

१. प्रत्येक वर्ष जेठ १६ गतेलाई "राष्ट्रिय महिला अधिकार दिवस" का रुपमा भव्यताका साथ मनाउने ।

२.वर्ष २०७६ लाई "लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष" को रुपमा संघ,प्रदेश र स्थानीय तहले अभियान कार्यक्रम संचालन गर्ने ।

(चन्द्र कुमार घिमिरे)
सचिव

मितिः २०७६/०२/०६

श्री सचिव,
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,।

राष्ट्रिय महिला अधिकार दिवस मनाउने विषयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको दर्ता नं. १२/५-०७६/२/५ को प्रस्ताव मं.प.बै.सं. ७/०७६ मिति २०७६/२/६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु –

<u>नेपाल सरकारको निर्णय</u> —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव
२०७६/२/६

# विषयसूची

परिच्छेद –१

१.१ पृष्ठभूमि १

१.२ कार्ययोजनाको आवश्यकता २

१.३ कार्ययोजनाको उद्देश्य ३

१.४. अभियान अन्तर्गत प्रमुख रूपमा सम्बोधन गरिने क्षेत्रहरू ३

१.५.अभियानमा लिईएका रणनीतिहरू ४

परिच्छेद –२

लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ को वार्षिक कार्यान्वयन कार्ययोजनाको जिम्मेवार निकाय, सहयोगी निकाय, साझेदारको भूमिका तथा अनुगमन सम्बन्धी व्यवस्था र अवधि ५

२.१. जिम्मेवार निकायको भूमिका ५

२.२ सहयोगी निकायको भूमिका ५

२.३ साझेदार निकायको भूमिका ६

२.४ संचार माध्यमहरूको भूमिका ६

२.५ कार्ययोजना कार्यान्वयका लागि आर्थिक व्यवस्था ६

२.६ अनुगमन सम्बन्धी व्यवस्था ६

२.७ कार्यान्वय समीक्षा ६

२.८ अवधि ६

परिच्छेद –३

लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ को कार्यान्वयन कार्ययोजना ७

३.१ रणनीतिः रोकथाम ७

३.२ रणनीति प्रवर्द्धनात्मक १४
३.३ रणनीति –सहयोगात्मक १७
३.४ रणनीति - न्यायमा पहुँच कानूनी सहायता २०
३.५ अभियान संचालन तथा कार्ययोजना कार्यान्वयन संयन्त्र गठन गर्ने २३

परिच्छेद –४
लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष, २०७६ संचालन संरचना २५
४.१ कार्ययोजना कार्यान्वयन संचालन तथा संयोजन मूल समिति गठन २४
४.२. हरेक प्रदेशमा सामाजिक विकास मन्त्रीको संयोजकत्वमा लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ संचालन तथा कार्ययोजना कार्यान्वयन समिति गठन गरिनेछ २६
४.३ सबै स्थानीय तहहरूमा प्रमुखको संयोजकत्वमा स्थानीय तहस्तरीय लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ संचालन तथा कार्ययोजना कार्यान्वयन समिति गठन गरिनेछ। २६

परिच्छेद –१

# प्रारम्भिक

## लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष, २०७६ को वार्षिक कार्यान्वयन कार्ययोजना

### १.१ पृष्ठभूमि

नेपालको संविधानले नै लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। समान नागरिक, समान सहभागिता, सामाजिक सुरक्षा, कानुनको पालना र आर्थिक समृद्धिलाई संविधानमा प्रमुख प्राथमिकताका साथ राखिएको छ । यद्यपि ५१ प्रतिशत भन्दा बढी जनसंख्या रहेको महिलाहरू अझ पनि देशमा समान नागरिकको हैसियतमा पहिचान स्थापित हुन सकेको छैन, महिलाहरूको राजनैतिक सहभागिता वृद्धि भएको देखिएतापनि महिलाहरूलाई हेर्ने विभेदपूर्ण दृष्टिकोण, सामाजिक मूल्यमान्यता र यसबाट सिर्जित हानिकारक परम्परागत अभ्यासका कारण महिलाको नेतृत्व स्वीकार हुने वातावरण बन्न सकेको छैन। महिला विरुद्ध हुने भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई राज्यले कानुनद्वारा दण्डनीय बनाएको छ।

सन् २०३० सम्ममा समानता, सामाजिक न्यायलाई केन्द्रमा राख्दै संसारबाट गरिबी हटाउने अभिप्रायका साथ दिगो विकास लक्ष्य तयार गरी आत्मसात गरिएको छ। लैङ्गिक समानतालाई विकास र समृद्धिका सवालका रूपमा स्थापित नगरेसम्म देशमा दिगो विकास, समानता, शान्ति र समृद्धिको स्थापना हुन नसक्ने तथ्यलाई विश्वले आत्मसात गरिसकेको छ। नेपाल सरकारले लैङ्गिक हिंसाको सम्बोधनका लागि नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू तय गरेको छ । यसर्थ, लैङ्गिक असमानताको सम्बोधनका लागि स्थानीयस्तरबाट लैङ्गिक हिंसा विरुद्धको अभियानहरूलाई लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता कायम गराउनु पर्दछ।

वि. सं २०६३ सालमा पुर्नस्थापित प्रतिनिधि सभामा पेश भएको जरुरी सार्वजनिक

महत्वको प्रस्तावमा "आमा वा बावुमध्ये कसैको नामबाट पनि सन्तानले नागरिकता पाउन सक्ने ग्यारेन्टी गर्न, समानुपातिक सहभागिताको लक्ष्यमा पुग्ने कुरालाई ध्यानमा राखी हाललाई कम्तीमा एक तिहाई महिलालाई राज्यको सबै संरचनामा सहभागिताको ग्यारेन्टी गर्न, विभेदकारी कानुनको खारेजी गर्न, महिलाप्रति हुने गरेका हिंसाको अन्त्य गर्नलाई वि. सं २०६३ साल जेठ १६ का दिन तत्कालीन प्रतिनिधि सभाले सर्वसम्मतरूपमा पारित गरेको थियो। यसले महिलाको हक अधिकारलाई संवैधानिक रूपमा स्थापित गर्न महत्वपूर्ण आधार प्रदान गरेको थियो। यस उपलब्धिपूर्ण दिनको स्मरणमा नेपाल सरकारले यस वर्ष (वि.सं. २०७६) देखि प्रत्येक वर्ष जेठ १६ का दिन राष्ट्रिय महिला अधिकार दिवस मनाउने निर्णय गरेको छ। साथै यस वर्ष २०७६ साललाई  लैङ्गिक हिंसा विरुद्धको अभियान वर्षको रूपमा संघ, प्रदेश र स्थानीय तहले अभियान कार्यक्रम संचालन गरी मनाउने निर्णय भएको छ। यसर्थ देशव्यापी रूपमा "**लैङ्गिक हिंसा मुक्त देश निर्माण**" भन्ने मूल नाराका साथ यस अभियान सञ्चालन हुन आवश्यक छ।

## १.२ कार्ययोजनाको आवश्यकता

विश्वमा महिला अधिकार तथा मुक्तिका लागि इतिहासका विभिन्न कालखण्डमा विभिन्न सङ्घर्ष तथा आन्दोलनहरू हुँदै आएका छन।  महिला अधिकार र महिला सशक्तीकरणका लागि विभिन्न अवधारणाहरू अवलम्वन गरिएकोछ । नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि १९७९ लाई १९९१ मा अनुमोदन गरेको छ । सन १९९५ मा संयुक्त राष्ट्रसंघले चीनको बेइजिङ्गमा आयोजना गरेको चौथो विश्व महिला सम्मेलनमा लैङ्गिक मूलप्रवाहीकरणलाई एक प्रमुख रणनीतिको रूपमा लिई १२ वटा क्षेत्रहरूमा परिवर्तनको प्रतिवद्धता व्यक्त गरेको थियो। सन २०२० मा बेइजिङ्ग घोषणाको २५ वर्ष पुग्न लागेको उपलक्ष्यमा पछिल्लो ५ वर्षको समीक्षा गरी प्रतिवेदन पेश भएको छ। दिगो विकासको लक्ष्य ५ लैङ्गिक समानता र बालिका सशक्तीकरणको लक्ष्य प्राप्तिका लागि सूचकहरू निर्माण गरी कार्यान्वयनमा रहेको छ। सो लगायत क्षेत्रीय जगतमा विभिन्न सन्धि वा सम्झौताहरूमा हस्ताक्षर गरी नेपाल सरकारले लैङ्गिक समानता कायम गर्ने प्रतिवद्धता जनाएको छ।

नेपालको संविधान लैङ्गिक विभेदको अन्त गर्ने संकल्प गर्दै महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक

राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा विभेद रहित समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने संकल्प गरेकोछ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई पीडितलाई क्षतिपूति दिलाउन र शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरद्वारा लैङ्गिक समानता कायम गर्ने व्यवस्था गरेकोछ । नेपालमा लैङ्गिक हिंसा अन्त्यको लागि संवैधानिक योजनागत, नीति तथा कानूनी रूपमा थुप्रै प्रयासहरू भएता पनि अझै पनि दाइजो बोक्सी छाउपडी लगायतका कुप्रथा तथा कुसंस्कारका कारणहरू निर्दोष महिला बालबालिका तथा किशोरीहरू घरेलु हिंसा बलात्कार तथा यौनजन्य हिंसा कार्यस्थलमा हुने हिंसा आर्थिक तथा सांस्कृतिक लगायत विभिन्न हिंसावाट पिडित भइरहेका छन । लैङ्गिक रूपले विभेदरहित समृद्ध र न्यायपूर्ण समाजको स्थापनाको लागि महिलाहरूका समान अग्रसर नेतृत्वदायी भूमिका सहित सबै महिला तथा पुरुषहरूले आत्मसम्मान वोध हुने वातावरण निर्माण गर्न र सबै तह क्षेत्र र संरचनाहरूमा लैङ्गिक मैत्री वातावरणको निर्माण गर्न आवश्यक पर्दछ । यस्तो प्रयास सबै जिम्मेवार निकायहरूबाट स्थानीय तह देखिनै अभियानमूलक रूपमा संचालन हुन आवश्यक भएकोले तदनुरूप कार्ययोजना वनाइ कार्यान्वयन गर्नु पर्ने आवश्यकता भएको छ ।

## १.३ कार्ययोजनाको उद्देश्य

(१) लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिक समानता विकास र महिला सशक्तीकरणका लागि हालसम्म प्राप्त उपलब्धिहरू समेट्दै विद्यमान लैङ्गिक हिंसा, विभेद, असमानता र वन्चितीकरण लागि लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशिलताको नीतिद्वारा लैङ्गिक हिंसामुक्त राष्ट्र निर्माण गर्ने आधार तयार गर्ने ।

(२) लैङ्गिक हिंसामुक्त देश निर्माण राष्ट्रको प्राथमिकता भन्ने सबै तहबाट प्रतिवद्धताका लागि अपिल गर्दै महिला, बालबालिका माथि हुने हिंसा विरुद्ध सबै प्रदेश तथा स्थानीय तहहरूवाट कार्ययोजनाको कार्यान्वयन गर्ने ।

## १.४. अभियान अन्तर्गत प्रमुख रूपमा सम्बोधन गरिने क्षेत्रहरू

१. घरेलु हिंसा
२. वैदेशिक रोजगारसँग सम्बन्धित हिंसा

३. मनोरञ्जन क्षेत्रमा कार्यरत महिलासँग सम्बन्धित
४. यौनहिंसा तथा दुर्व्यहार
५. कार्यस्थलमा हुने यौनजन्य हिंसा
६. सामाजिक सञ्जालको दुरूपयोगबाट हुने हिंसा
७. अन्धविश्वास, कुरीति, कुसंस्कार तथा गलत अभ्यासको कारणबाट सिर्जना भएका हिंसाहरू
८. राजनीतिक, शैक्षिक क्षेत्रमा महिला माथि हुने हिंसा
९. सार्वजनिक यातायात एवम् सार्वजनिक स्थलमा हुने हिंसा
१०. एसिड तथा रासायनिक आक्रमणबाट हुने हिंसा
११. मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण

## १.५. अभियानमा लिईएका रणनीतिहरू

| | |
|---|---|
| **रोकथाम** | लैङ्गिक हिंसा हुनै नदिने वातावरण तयार पार्न सचेतना र सशक्तीकरण कार्यक्रमहरू संचालन गरिनेछ । यो अभियान अन्तर्गत सञ्चालित हुने सबै कार्यक्रमहरू हरेक पीडित तथा प्रभावितहरू परिवर्तनका बाहक हुन् भन्ने सोचबाट गरिनेछ। |
| **प्रवर्द्धनात्मक** | लैङ्गिक हिंसा विरुद्ध योगदान गर्ने विभिन्न व्यक्तित्वहरूलाई सम्मान तथा पुरस्कृत गर्ने । सकारात्मक अभ्यासको प्रवर्द्धन गर्ने। |
| **सहयोग** | पीडित तथा प्रभावितलाई सहयोग तथा पुनर्स्थापना संयन्त्रको विस्तार गर्ने। |
| **न्यायमा पहुँच बढाउने** | पीडित तथा प्रभावितहरूको मानव अधिकार संरक्षणका लागि आवश्यकता अनुरूपको सहयोगी संयन्त्रहरू प्रदान गर्ने तथा हिंसाबाट पीडित/ प्रभावितको सामाजिक तथा कानुनी न्याय प्राप्त गर्ने वातावरण सिर्जना गर्ने। |

# लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ को वार्षिक कार्यान्वयन कार्ययोजनाको जिम्मेवार निकाय, सहयोगी निकाय, साझेदारको भूमिका तथा अनुगमन सम्बन्धी व्यवस्था र अवधि

## २.१. जिम्मेवार निकायको भूमिका

कार्ययोजनामा स्पष्ट गरिएका क्रियाकलापहरूको कार्यान्वयनबाट नै त्यस्ता कार्ययोजनाका उद्देश्य हासिल गर्न सकिन्छ । यसका लागि तोकिएका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता अनिवार्य हुँदा प्रत्येक क्रियाकलापको कार्यान्वयनको लागि जिम्मेवार निकायहरू तोकिने गरिन्छ। यसरी तोकिने जिम्मेवार निकायको कार्ययोजना कार्यान्वयनमा प्रमुख भूमिका रहन्छ। यस्ता निकायले आफैंले कार्य प्रारम्भ गर्नुपर्ने विषयमा आफैंले नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य सहयोगी निकायको सहयोगको आवश्यकता भएका त्यस्ता सहयोगका लागि समन्वय गरी तोकिएको कार्य तोकिएको समयमा नै सम्पन्न गर्न प्रमुख भूमिका निर्वाह गर्नुपर्ने पनि हुन्छ। प्रस्तुत कार्ययोजना तयार गर्दा पनि कार्ययोजनामा तोकिएका क्रियाकलाप कार्यान्वयन गर्न प्रमुख रूपमा जिम्मेवार हुने निकायहरू निश्चित गरी कार्ययोजना तयार गरिएको छ । त्यसरी जिम्मेवारी तोकिएको निकायले समन्वय गरी आवश्यकता अनुसार सहयोगी निकायको सहयोग समेत लिइ कार्ययोजनामा उल्लेखित क्रियाकलापहरूको कार्यान्वयन गर्नुपर्नेछ।

## २.२ सहयोगी निकायको भूमिका

कार्ययोजना कार्यान्वयनलाई केन्द्रविन्दुमा राखी कार्ययोजना तयार गर्दा नै कार्ययोजनामा तोकिएका क्रियाकलाप कार्यान्वयन गर्न प्रमुख रूपमा जिम्मेवार हुने निकाय निश्चित गरी त्यस्ता निकायलाई तोकिएको क्रियाकलाप सफलतापूर्वक कार्यान्वयन गर्न सहयोगी हुन सक्ने निकायको पहिचान गरिएको छ। कार्ययोजनामा निश्चित गरिएका क्रियाकलापहरूको कार्यान्वयनको लागि प्रमुख रूपमा जिम्मेवार निकायले समन्वय गरेको वा सहयोगका अपेक्षा गरेको अवस्थामा सहयोगी निकायले त्यस्ता जिम्मेवार निकायलाई तोकिएको क्रियाकलाप कार्यान्वयन गर्नमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ साथै कार्ययोजनामा निश्चित गरिएका क्रियाकलापहरूका

प्रभावकारी कार्यान्वयनका लागि सहकार्य गर्नुपर्ने भनी प्रमुख जिम्मेवार निकायले अनुरोध गरेको अवस्थामा समेत सहयोगी निकायले त्यस्ता क्रियाकलाप कार्यान्वयन गर्नका लागि प्रमुख जिम्मेवार निकायसँग सहकार्य गर्नुपर्नेछ ।

## २.३ साझेदार निकायको भूमिका

नेपाल सरकारका विभिन्न निकाय गैर सरकारी संघ सस्था विभिन्न सरोकारवाला निकाय र संघ सस्थाहरू तथा अन्तर्राष्ट्रिय विकास साझेदारवाट आवश्यकता अनुसार सहयोग तथा सहायताको अपेक्षा गरिएको छ । राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरूले आ–आफ्ना कार्यक्रम स्वीकृत तथा संचालन गर्दा यो कार्ययोजनालाई आधार लिनु पर्नेछ।

## २.४ संचार माध्यमहरूको भूमिका

संचार माध्यमको सहयोगले यस सवाललाई सार्वजनिक गर्न, जिम्मेवार निकायको भूमिकालाई सुदृढ गर्न, जनचेतना अभिवृद्धि गर्न तथा हिंसा पिडित र प्रभावितहरूको सिघ्र उद्धार तथा संरक्षण गर्न महत्वपूर्ण भूमिका रहने भएकोले संचार माध्यमको प्रभावकारीता र लैङ्गिक मैत्री भूमिकाको अपेक्षा गरिएको छ ।

## २.५ कार्ययोजना कार्यान्वयका लागि आर्थिक व्यवस्था

कार्ययोजना कार्यान्वयनका लागि देहायको स्रोतवाट आर्थिक व्यवस्था गरिनेछ:

- नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको वजेट
- संयुक्त राष्ट्र सघं अन्य राष्ट्रिय, अन्तर्राष्ट्रिय संस्था तथा विकास साझेदारहरूको सहयोग

## २.६ अनुगमन सम्बन्धी व्यवस्था

कार्ययोजना कार्यान्वयको अनुगमन केन्द्रमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय मूल संयोजन समिति, प्रदेशमा प्रदेश सामाजिक विकास मन्त्रालय, प्रदेशस्तरको समिति तथा स्थानीयतहमा स्थानीयस्तरको समिति स्थानीय तह तथा जिल्ला समन्वय समिति, भगिनी संगठन, जिल्ला समन्वय समिति महासंघ नेपाल, नगरपालिका तथा गाउँपालिका महासंघ तथा तेस्रो पक्षको मूल्यांकन गरिनेछ ।

## २.७ कार्यान्वय समीक्षा

यो कार्ययोजनाको समीक्षा कम्तीमा २ महिनाको एक पटक गरिनेछ र अन्त्यमा वार्षिक समीक्षा गरिनेछ ।

## २.८ अवधि

यो कार्ययोजनाको अवधि आर्थिक वर्ष २०७६/०७७ सम्म एक वर्षको हुनेछ ।

# ३. लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ को कार्यान्वयन कार्ययोजना

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| **३.१. रणनीतिः रोकथाम** | | | | | |
| **३.१.१ लैङ्गिक हिंसा लगायत समाजमा विद्यमान विभिन्न कुरीतिजन्य हिंसा निवारण गर्ने।** | सात वटै प्रदेशका सामाजिक विकास मन्त्री र विभागीय प्रमुखसँग अन्तरक्रिया गरी प्रतिबद्धता गर्ने। | म.बा.तथा ज्ये.ना.म. | प्रदेश सा.वि मं. | पहिलो चौमासिक २०७६ | |
| | प्रदेश सरकार, स्थानीय तह तथा विद्यालयको लागि लैङ्गिक सम्पर्क व्यक्तिहरूको कार्य विवरण तयार गर्ने | म.बा.तथा ज्ये.ना.म | प्रदेश सरकार स्थानीय तह | माघ २०७६ | |
| | विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति (Gender focal person) तोक्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले प्रदेश तथा स्थानीय तहमा परिपत्र गर्ने। | शि, वितथाप्रविधि मन्त्रालय, प्रदेश सा.वि.म,जिल्ला शिक्षा समन्वय इकाई, | म.बा.तथा ज्ये.ना.म.,प्याक्सन, एन प्याक्सन | माघ २०७६ | |
| | सबै प्रदेशहरूले प्रत्येक प्रदेश मन्त्रालय तथा विभागमा लैङ्गिक सम्पर्क व्यक्तिहरू तोक्ने | प्रदेश मुख्यमन्त्रिको कार्यालय तथा सामाजिक विकास मन्त्रालय | म.बा.तथा ज्ये.ना.म., अर्थ मन्त्रालय, राष्ट्रिय महिला आयोग, शि वि प्रविधि मन्त्रालय, जिल्ला शिक्षा समन्वय इकाई | माघ / फागुन २०७६ | |
| | सबै नगरपालिका गाउँपालिकाहरूले पालिका स्तरमा लैङ्गिक सम्पर्क व्यक्तिहरू तोक्ने। | सबै स्थानीय तहहरू | संघीय मामिला तथा स्थानीय, विकास मन्त्रालय, म बा तथा ज्ये ना मन्त्रालय, महासंघहरू (जि.स.स, नगरपालिका, गाउँपालिका ) | चैत्र २०७६ | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | प्रत्येक प्रदेश अन्तर्गत निजी तथा सामूदायिक विद्यालयमा लैङ्गिक हिसां विरुद्धको सूचना सन्देशहरू तयार गरी वितरण तथा प्रचार प्रसार गर्ने । | प्रदेश सा.वि मं. | शि वि प्रविधि मन्त्रालय, स्थानीय तह, म.बा.तथा ज्ये.ना.म., जिल्ला शिक्षा समन्वय इकाई प्याक्सन , एन प्याक्सन, सामुदायिक वन उपभोक्ता महासंघ, जि.स.स, नगरपालिका, गाउँपालिका महासंघ, राजनैतिक दलका भगिनी संगठन | माघ २०७६ | |
| | विद्यालयमा छात्राहरू माथि हुने यौन दूर्व्यवहार रोक्न विद्यालयमा गुनासो व्यवस्थापन संयन्त्र स्थापना गर्न सबै विद्यालयमा परिपत्र गर्ने । | शि, वि तथा प्रविधि मन्त्रालय, | प्रदेश सामाजिक विकास मन्त्रालय, स्थानीय तहहरू, जिल्ला प्रशासन कार्यालय जिल्ला शिक्षा समन्वय इकाई प्याक्सन , एन प्याक्सन | २०७६ माघ | |
| | विद्यालय शिक्षाको पाठ्यक्रममा लैङ्गिक हिंसा अन्त्य, छाउपडीगोठ प्रथा, दाइजो तथा कुरीति विरुद्ध र महिला सशक्तीकरण विषयहरू समावेशको लागि पहल गर्ने । | शि, वि तथा प्रविधि मन्त्रालय, पाठयक्रम विकास केन्द्र | म.बा.तथा ज्ये.ना.म, प्रदेश सामाजिक विकास मन्त्रालय, स्थानीय तहहरू | निरन्तर | |
| | अपांग भएका छात्र तथा छात्रहरूको लागि छुट्टा छुट्टै शौचालय निर्माण गर्न शिक्षाका सबै तहलाई परिपत्र गर्ने तथा प्राथमिकताका साथ निर्माण गर्ने नीति लिने । | शि. वि.तथा प्र. मन्त्रालय, सहरी विकास मन्त्रालय, | प्रदेश सामाजिक विकास मन्त्रालय, स्थानीय तहहरू | माघ २०७६ र निरन्तर | |
| | संघ, प्रदेश तथा स्थानीय सरकारले निर्माण गर्ने भौतिक संरचनाहरू लैङ्गिक मैत्री रूपले निर्माण गर्दै जाने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सहरी विकास मन्त्रालय | म.बा.तथा ज्ये.ना.म., राष्ट्रिय महिला आयोग, प्रदेश सरकार तथा स्थानीय तह | निरन्तर पहल | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | संघ, प्रदेश र स्थानीय तहमा लैङ्गिक उत्तरदायी बजेटलाई संस्थागत गर्ने । | अर्थ मन्त्रालय, म.बा.तथा ज्ये.ना.म, संघीय मामिला तथा सामान्य +मन्त्रालय | प्रदेश आर्थिक मामिला, मन्त्रालय, स्थानीय तह | निरन्तर | |
| | लैङ्गिक हिंसा नियन्त्रण संयन्त्र र संजाल समितिका पदाधिकारीहरूलाई समय सापेक्ष कार्य गर्न क्षमता अभिवृद्धी,रूपान्तरण तालिम मार्फत बृहत्तर र यौनिक शिक्षा सम्बन्धी प्रशिक्षण प्रदान गर्ने । | नेपाल प्रहरी, संघ,प्रदेश तथा स्थानीय तह | सामाजिक अभियन्ता, किशोर किशोरी क्लवहरू, शि. वि.तथा प्र.म. प्रदेश सरकार, सामुदायिक विद्यालय, | २०७६ भित्र | |
| | हिंसा न्यूनीकरणको सन्देश विज्ञापन, सामग्री स्थानीय एफ.एमहरूबाट व्यापक प्रचार प्रसार गर्ने । | संचार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल प्रहरी, प्रदेश सरकार तथा स्थानीय तह, सरोकारवाला निकाय | निरन्तर | |
| | लैङ्गिक हिंसासंग सम्बन्धित कुनै विषयमा त्यसका कारण र न्यूनीकरणका उपाय पत्ता लगाउनका लागि Social Research गर्ने । | नेपाल प्रहरी | गृह मन्त्रालय, स.मा. तथा सा.प्र.म. म.बा.तथा ज्ये.ना.म., | २०७६ भित्र | |
| | राष्ट्रियस्तरका संचार तथा स्थानीय तहका संचार मध्यमा महिला हिंसा विरुद्ध अभियान वर्ष २०७६ सफल बनाउन सम्पूर्ण तह र तप्काका समुदायलाई आह्वान गर्ने । | म.बा.तथा ज्ये.ना.म., | संघ,प्रदेश तथा स्थानीय, तह,पत्रकार महासंघ, छापा तथा अनलाइन मिडिया | २०७६ भित्र | |
| | Metro Traffic F.M र प्रहरी अनुरोधको प्रत्येक कार्यक्रममा GBV संग सम्बन्धित सामग्री अनिवार्य सम्प्रेशण गर्ने । | नेपाल प्रहरी | गृह मन्त्रालय, सा.मा. तथा सा.प्र.म., म.बा.तथा ज्ये.ना.म., | निरन्तर | |
| | Digital Display मा सन्देश राख्ने (Public Places तथा चोकहरूमा)<br>(प्रथम चरणमा महानगर र बढि अपराध हुने ठाउंहरूको पहिचान गरेर ) | म.बा.तथा ज्ये.ना.म., नेपाल प्रहरी | प्रदेश सामाजिक विकास मन्त्रालय, स्थानीय तह, म बा तथा ज्ये ना म, संचार तथा सूचना प्रविधि मन्त्रालय, सरोकारावाला निकायहरू | निरन्तर | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | सामुदायिक, नीजि तथा धार्मिक आस्थाका विद्यालयहरू (मदर्सा, गुम्बा आदि) का विद्यार्थीहरूलाई लैङ्गिक हिंसा, घरेलु हिंसा, बालविवाह, मानव वेचविखन, Cyber Crime र HIV positive लगायत आधारभूत सुरक्षा सम्बन्धी जानकारीमूलक सचेतना जगाउन स्कूलमा कार्यक्रम गर्ने। | नेपाल प्रहरी, स्थानीय तह, जिल्ला शिक्षा समन्वय इकाई, | गृह मन्त्रालय, संचार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय महिला आयोग, प्र.प्र.का जनसम्पर्क शाखा, प्र.प्र.का. श्रव्यदृष्य शाखा, प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय | पौष/माघ२०७६ | |
| | हिंसा पीडित महिला बालबालिका तथा ज्येष्ठ नागरिकहरूलाई एकीकृत सेवा प्रदान गर्न काठमाण्डौमा One Stop Centre स्थापना तथा सञ्चालन गर्ने (केन्द्रवाट सुरुवात गरी प्रदेश स्तरको लागि समेत पहल गर्ने) | नेपाल प्रहरी | गृह मन्त्रालय, राष्ट्रिय महिला आयोग, म. बा. तथा ज्ये. ना. म. | फागुन २०७६ | |
| | स्थानीय तहमा घरेलु मदिरा र लागू औषधको गैरकानुनी उत्पादन र उपभोगमा नियन्त्रण गर्ने। | गृह मन्त्रालय | नेपाल प्रहरी, सबै स्थानीय तह, सहकारी संघ सस्था | निरन्तर | |
| | अस्पतालमा आधारित एकद्धार संकट व्यवस्थापन केन्द्र (OCMC) सुदृढ गर्ने | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | म. बा. तथा ज्ये. ना. म. | निरन्तर | |
| | महिला स्वास्थ्य स्वंयम सेविका (FCHV) लाई लैङ्गिक हिंसा विरुद्ध (GBV) सम्बन्धि अभिमुखिकरण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | म. बा. तथा ज्ये. ना. म. | निरन्तर | |
| | स्कुल हेल्थ कार्यक्रम अन्तर्गत किशोर किशोरीलाई अभिमुखिकरण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | म. बा. तथा ज्ये. ना. म. | निरन्तर | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| **३,१.२ लैङ्गिक हिंसा विरुद्धका सूचनामूलक सन्देश विज्ञापन, चलचित्र वृतचित्र निर्माण तथा प्रचार प्रसार गर्ने ।** | प्रचार र प्रचार सामग्री वितरण तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | संघ,प्रदेश तथा स्थानीय तह | म. बा. तथा ज्ये. ना. म.,विभिन्न सञ्चार माध्यमहरू, सरोकारवाला निकाय, भागिनी संगठनहरू | निरन्तर | |
| | लैङ्गिक हिंसा मानव वेच विखन तथा कुरीति, दाइजो विरुद्धका सन्देशहरू नियमित रूपमा रेडियो नेपाल तथा विभिन्न एफ. एमहरू बाट प्रसारण गर्ने । | म.बा.तथा ज्ये.ना.म., प्रदेश सामाजिक विकास मन्त्रालय, स्थानीय हरू | संचार माध्महरू | २०७६ आश्विन देखि निरन्तर | |
| | लैङ्गिक हिंसा विरुद्धको वृत्तचित्र, टेलिफिल्म, सूचना सन्देश स्थानीय भाषामा समेत प्रसारण गर्ने । | प्रदेश सामाजिक विकास मन्त्रालय, स्थानीय हरू | महिला वा तथा ज्ये ना म, राष्ट्रिय महिला आयोग, नेपाल प्रहरी सरोकारवाला निकाय | निरन्तर | |
| | लैङ्गिक हिंसा विरुद्धको सूचनामूलक पर्चा तयार गरी सामाजिक विकास मन्त्रालयको सहयोगमा स्थानीय तहसम्म वितरण गर्ने । | म.बा.तथा ज्ये.ना.म. | प्रदेश सामाजिक विकास मन्त्रालय, विभिन्न सरोकारवाला संघसंस्था, महिला भागिनी संगठनहरू, जि.स.स,नगरपालिका, गाउँपालिका महासंघ, | माघ/फागुन २०७६ | |
| | बाल विवाह न्यूनीकरण गर्न स्थानीय तहहरूले घरदैलो अभियान संचालन गर्ने । | स्थानीय हरू | म.बा.तथा ज्ये.ना.म., प्रदेश सामाजिक विकास मन्त्रालय, विभिन्न सरोकारवाला संघसंस्था | निरन्तर | |
| | संवैधानिक तथा कानुनी अधिकारको बारेमा प्रचार प्रसार गर्ने । | म.बा.तथा ज्ये.ना.म.,विभिन्न सञ्चार माध्यमहरू | संघ, प्रदेश तथा स्थानीय तह महिला तथा बालबालिका विभाग सञ्चार माध्यमहरू | निरन्तर | |
| | महिला हिंसा महिला सशक्तीकरण सम्बन्धी मन्त्रालयवाट भएका पहल सम्बन्धमा Talk show कार्यक्रम टेलिभिजनबाट प्रसारण गर्ने । | म.बा.तथा ज्ये.ना.म. | टेलिभिजन, सञ्चार माध्यमहरू | पौष २०७६ देखि निरन्तर | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | नेपालमा बनाइने कथानक चलचित्र एंव व्यापारिक विज्ञापनहरूमा लैङ्गिक हिंसालाई प्रश्रय दिने खालको सन्देश जान नसक्ने गरी सेन्सर गर्ने। | संचार तथा सूचना प्रविधि मन्त्रालय | चलचित्र विकास बोर्ड, चलचित्र निर्माताहरू, नेपाल विज्ञापन संघ चलचित्र जाँच समिति | निरन्तर | |
| | विभिन्न संचार माध्यमहरूलाई लैङ्गिक हिंसा विरुद्ध सहयोग पुग्ने समाचार तथा सामग्रीहरू प्रकाशन तथा प्रसारण गर्न अनुरोध गर्ने। | संचार तथा सूचना प्रविधि मन्त्रालय | सूचना विभाग, नेपाल पत्रकार महासंघ, छापा तथा विद्युतीय छापा माध्यमका प्रतिनिधि संस्थाहरू | निरन्तर | |
| | लोककल्याणकारी विज्ञापनमा प्रकाशन तथा प्रसारणमा लैङ्गिक हिंसा तथा कुरीति विरुद्धका सन्देश तथा सामग्री प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाउने। | संचार तथा सूचना प्रविधि मन्त्रालय | सूचना विभाग, नेपाल पत्रकार महासंघ, छापा तथा विद्युतीय छापा माध्यमका प्रतिनिधि संस्थाहरू | | |
| | हेल्पलाईन ११४५ (राष्ट्रिय महिला आयोग), १०९८ (बाल हेल्प लाईन), १०४ (बालबालिका खोज तलास केन्द्र), १००, १६६००१४१५१६, ९८५१२९८१९८ (नेपाल प्रहरी), ११७७ (मानव बेचबिखन नियन्त्रण ब्यूरो), १०३ (ट्राफिक प्रहरी) जस्ता अन्य हटलाईनका बारेमा जानकारी गराउने। | राष्ट्रिय महिला आयोग,नेपाल प्रहरी, राष्ट्रिय बाल अधिकार परिषद् | म.बा.तथा ज्येष्ठ ना.म, प्रदेश सा.वि.म.स्थानीय तहहरू | निरन्तर | |
| | "हरेक घर सम्मानित घर अभियान" सञ्चालन गरी लैङ्गिक हिंसा विरुद्धको अभियानमूलक घरदैलो कार्यक्रम गर्ने। | सबै स्थानीय तहहरू | म.बा.तथा ज्ये.ना.म., प्रदेश सा. वि.म., समुदाय टोल विकास संस्थाहरू, संघ, प्रदेश तथा स्थानीय तहको मूल समिती राजनीतिक दलका भागिनी संगठनहरू | २०७६ भित्र | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | विशेष कार्यक्रमहरूः–<br>१)छाउपडीगोठ विरुद्धको कार्यक्रम बढी प्रभावित क्षेत्रहरूमा संचालन गर्ने | म.बा.तथा ज्ये.ना.म.,र प्रदेश सा. वि.म. | स्थानीय तहहरू, प्रभावित पालिकाहरूमा, सरोकारवाला निकायहरू संघ संस्थाहरू | २०७६ भित्र | |
| | २)छाउपडीगोठ प्रथा विरुद्धको एकीकृत कार्ययोजना निर्माण गरी कार्यान्वय गर्ने | म वा तथा ज्ये ना म, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालय, शिक्षा मन्त्रालय | स्थानीय तहहरू, प्रभावित पालिकाहरूमा, सरोकारवाला निकायहरू संघ संस्थाहरू | २०७६ भित्र | |
| | ३) मानव बेच विखन, बालविवाह, दाइजो वोक्सीको आरोप विरुद्धको सचेतना कार्यक्रम वढी प्रभावित जिल्लाहरूमा संचालन गर्ने। | म.बा.तथा ज्ये.ना.म.र प्रदेश सा. वि.म. | स्थानीय तहहरू, प्रभावित पालिकाहरूमा, सरोकारवाला निकाय संघ संस्थाहरू | निरन्तर | |
| **३.१.३ सामाजिक जागरण र अभियान सञ्चालन गर्ने।** | देशव्यापी रूपमा लैङ्गिक हिंसा र बलात्कार विरुद्ध १६ दिने अभियान संचालन गर्ने। | म.बा.तथा ज्ये.ना.म.,र प्रदेश सा.वि.म., स्थानीय तहहरू | नेपाल सरकार/ राष्ट्रिय योजना आयोग, सरोकारवाला निकाय, स्थानीय सरकार, विभिन्न सरोकारवाला संघ/संस्था, महिला भागिनी संगठनहरू | २५नोवेम्ब देखि १० डिसेम्बर सम्म तथा निरन्तर | |
| | मन्त्रालयले विभिन्न प्रदेश तथा जिल्लाहरूमा लैङ्गिक हिंसा विरुद्ध अभियान संचालन गर्ने | म.बा.तथा ज्ये.ना.म. | प्रदेश सामाजिक विकास मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>स्थानीय तहहरू, विभिन्न सरोकारवाला संघरसंस्था तथा महिला भागिनी संगठनहरू<br>जि.स.स. महासंघ, नगरपालिका र गाउँपालिका संघ, | २०७६ भित्र | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | सबै स्थानीय तहहरूले लैङ्गिक हिंसा तथा छाउपडीगोठ विरुद्धको अभियानको लागि स्वंय सेवक/अभियानकर्ता/सामाजिक परिचालक परिचालन गर्ने। | स्थानीय तहहरू | प्रदेश सामाजिक विकास मन्त्रालय, जि.स.स. नगरपालिका, गाउँपालिका महासंघ मूल समितिमा आवद्ध संघ संस्थाहरू | २०७६ भित्र | |
| | स्थानीय तहले साविक महिला विकास कार्यक्रम अन्तर्गत गठित महिला संस्था र लैगिक हिंसा निगरानी समूह र किशोरी समूहहरूको परिचालन गर्ने। | स्थानीय तहहरू | राष्ट्रिय म.आ., प्रदेश सा.वि.म., स्थानीय तह, गृह, महिला तथा वालवालिका विभाग, मन्त्रालय Male engagement Network राष्ट्रिय सहकारी महासंघ | २०७६ भित्र | |
| | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सम्बन्धी आचार संहिता तयार गरी लागू गर्ने। | म.बा.तथा ज्ये.ना.म, प्रदेश सरकार, स्थानीय तह | राष्ट्रिय म.आ., प्रदेश सा.वि.म., स्थानीय तह, गृह मन्त्रालय Male engagement Network | २०७६ फागुन | |
| | महिला हिंसा लगायत विभिन्न कुरीति विरुद्ध सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने। | राष्ट्रियम.आ, स्थानीय तह | म.बा.तथा ज्ये.ना.म, प्रदेश सा.वि.म., गृह मन्त्रालय Male engagement Network | निरन्तर | |
| | लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरूको लागि अन्तरकृया कार्यक्रम | म.बा.तथा ज्ये.ना.म, | प्रदेश सा.वि.म., सरोकारवाला निकाय, स्थानीयसरकार | पौष /माघ २०७६ | |
| | व्यवसायिक तथा औद्योगिक प्रतिष्ठानहरूले प्रतिष्ठानमा लैङ्गिक मैत्री आचार संहिता बनाई लागू गर्ने। | उद्योग वाणिज्य महासंघ -FNCCI, CNI | नेपाल चेम्बर अफा कर्मश, एशोसियसन, स्थानीय तह, औद्योगिक प्रतिष्ठान | २०७६ भित्र | |
| | पारिश्रमिक तथा ज्यालामा हुने विभेद हटाउने | उद्योग वाणिज्य महासंघ -FNCCI, CNI | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नेपाल चेम्वर अफ कर्मश एशोसियसन(NCC), स्थानीय तह, औद्योगिक प्रतिष्ठान, CNI | निरन्तर | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| **३.२. रणनीति प्रवर्द्धनात्मक** | | | | | |
| **३.२.१ रूपान्तरित नेतृत्वको छवी विकास गर्ने।** | लैङ्गिक मैत्री नगर/ गाउँपालिका' घोषणाजस्ता लैङ्गिक हिंसा निवारणका क्षेत्रमा विशेष कार्यक्रमहरू सञ्चालन गर्ने स्थानीय तहलाई "योगमाया" पुरस्कारको घोषणा गरी प्रदान गर्ने। | म.बा.तथा ज्ये.ना.म, | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जि.स.स., महासंघ, न.पा. महासंघ, गा.पा. महासंघ, | महिला अधिकार दिवस जेष्ठ १६ गते | |
| | पत्रकार तथा संचार माध्यमका अभियन्तालाई पुरस्कृत गर्ने। | म.बा.तथा ज्ये.ना.म, प्रदेश सा.वि.म., | नेपाल पत्रकार महासंघ संचारिका समूह भगिनी संघ संगठन | २०७६ सम्म | |
| | "लैङ्गिक हिंसा विरुद्ध जनप्रतिनिधी" कार्यक्रम अभियानको रूपमा सञ्चालन गर्ने | सबै स्थानीय सरकार | म.बा.तथा ज्ये.ना.म, प्र.सा. वि. म., जिसस महासंघ, स्थानीय तह, सरोकारवाला निकायहरू, पत्रकार महासंघ | २०७६ सम्म | |
| | विद्यमान कानूनमा रहेका व्यवस्थाहरूको बारे जानकारी पुस्तिका तयार गरी वितरण गर्ने | महिला तथा बालबालिका विभाग | म.बा.तथा ज्ये.ना.म, प्र.सा. वि. म., जिसस महासंघ, स्थानीय तह, विभिन्न संघ संस्थाहरू, पत्रकार महासंघ | २०७६ भित्र फागुन | |
| | न्यायिक समितिका संयोजकलाई न्यायिक अभ्यास सम्वन्धी प्रयोगात्मक तालिम प्रदान गर्ने। | म.बा.तथा ज्ये.ना.म, | कानुन, न्याय तथा संसदीय मामिला, प्र.सा. वि. म., स्थानीय तह, जिसस, नगरपालिका तथा गाउँपालिका महासंघ, | २०७६ भित्र | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | ७ वटा प्रदेश अन्तर्गतका एक एक वटा न्यायिक समितिका संयोजकलाई न्याय सम्पादनमा योगदान पुर्याए स्वरूप राष्ट्रिय महिला अधिकार दिवसमा पुरस्कृत गर्ने । | म.बा.तथा ज्ये.ना.म, | प्र.सा. वि. म.,(जिसस, नगरपालिका,गाउँपालिका) महासंघ, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | २०७६ जेष्ठ १६ भित्र | |
| | आ.ब.२०७५/०७६को १६दिने अभियानको निष्कर्ष सुझावहरूलाई सातवटै प्रदेश तथा स्थानीय तहहरूले कार्यान्वयन गर्ने । | प्र.सा. वि. म., स्थानीय तह , | म.बा.तथा ज्ये.ना.म, सबै सरोकारवाला निकाय,भागिनी संगठन | २०७६ भित्र र निरन्तर | |
| | संकल्प प्रस्तावमा औल्याएका विषयहरूलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्दै जाने । | म.बा.तथा ज्ये.ना.म. | शि वि प्रविधि मन्त्रालय, प्रदेश सरकार, संकल्प प्रस्ताव कार्ययोजनाका सहयोगी निकायहरू | निरन्तर | |
| **३.२.२ पुरुष र युवाहरूको सहभागिता/सहकार्यमा (पीडित, प्रभावित र परिवर्तनका वाहकको रूपमा) रूपान्तरणबाट अभियान सञ्चालन गर्ने,** | लैङ्गिक विभेदमा आधारित हिंसा अन्त्यका लागि प्रत्येक पालिकामा २५ जना युवाहरूलाई साथी शिक्षकका रूपमा तयार गर्ने । उनीहरूकै अगुवाईमा रूपान्तरण म बाट अभियान सञ्चालन गर्ने । | सबै स्थानीय तह | म.बा.तथा ज्ये.ना.म, स्थानीय तह, जिसस महासंघ, नगरपालिका तथा गाउँपालिका महासंघ, ल्लिा समन्वय समिति, प्रदेश सरकार | २०७६ सम्म | |
| | लैङ्गिक हिंसा छाउपडीगोठ लगायतका सबै प्रकारका कुरीति विरुद्ध प्रचार प्रसार, रचनात्मक सुझाव, सहभागिता, सकारात्मक अभ्यासको प्रवर्द्धन गर्न Male leader परिचालन गर्ने । | म.बा.तथा ज्ये.ना.म, | Male leader network सरोकारवाला निकाय, प्रदेश सरकार, स्थानीय तह | निरन्तर | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | युवाहरूलाई कुरितिजन्य हिंसा रूपान्तरणका संवाहकका रूपमा विकास गर्न प्रत्येक पालिकामा १५ देखि २० जना युवाहरूको छनोट गरी परिवर्तनका संवाहक युवा अभियान उद्घोष गरी किशोरकिशोरी तथा युवामैत्री कार्यक्रमहरू प्रत्येक विद्यालयमा तथा विद्यालय बाहिर रहेका किशोरकिशोरी तथा युवाहरूलाई लक्षित गरी सञ्चालन गर्ने। | सबै स्थानीय तह | प्र.सा.वि.म, म.बा.तथा ज्ये.ना.म, विद्यालय किशोर किशोरीहरूको संजाल, Male leader net work, जिसस नगरपालिका, गाउँपालिका महासंघ, गैरसरकारी संस्था महासंघ, राष्ट्रिय सहकारी महासंघ नीजि, तथा आवासिय विद्यालय, अर्गनाइजेशन नेपाल, राष्ट्रिय नीजि तथा आवाशिय विद्यालय एशोसियशन नेपाल, सामुदायिक उपभोक्ता महासंघ | २०७६ भित्र | |
| **३.३.रणनीति –सहयोगात्मक** | | | | | |
| **३.३.१ उद्धार, पुर्नस्थापना र सहयोग संयन्त्रहरूको सुदृढीकरण गर्ने।** | हरेक पालिकामा हिंसाको जोखिममा रहेका महिलाहरूका लागि पुनर्स्थापना तथा मनोविमर्श सेवा केन्द्र स्थापना गर्ने। | सबै स्थानीय तहहरू | म.तथा बा.विभाग, प्रदेश सा.वि. मं सरोकारवाला निकाय, नेपाल प्रहरी, | निरन्तर | |
| | हिंसाका उजुरी र सम्बोधन प्रत्येक २/२ महिनामा मन्त्रालयले प्रतिवेदन तयार गर्ने। | राष्ट्रिय महिला आयोग नेपाल प्रहरी | स्थानीयतहहरू | निरन्तर | |
| | लैङ्गिक हिंसा सम्वन्धमा उजुरी व्यवस्थापनलाई प्रभावकारी तुल्याउने। | राष्ट्रिय महिला आयोग नेपाल प्रहरी, स्थानीय तहहरू | म बा तथा ज्ये ना म प्रदेश सरकार विभिन्न महासंघहरू | निरन्तर | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | लैङ्गिक हिंसा पिडितलाई एकद्धारबाट आवश्यक सेवाहरू (स्वास्थ्य, उपचार, कानुनी, सुरक्षित आश्रय, जिर्विकोपार्जन) | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रदेश सरकार स्थानीय तहहरू | म.,बा. तथा ज्ये.ना.म., संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला अस्पताल जिसस, नगरपालिका,गाउँपालिका महासंघ | निरन्तर | |
| | मानव बेचबिखन पिडितलाई उद्धार गर्न मानव बेचबिखन तथा ओसारपसारको दृष्टिले संवेदनशील जिल्लाहरूमा जोखिममा रहेका समुदायलाई सचेतना तथा सीपमुलक कार्यक्रम सञ्चालन गर्ने। | म.,बा.तथा ज्ये.ना.म | प्र.सा.वि.म,म.बा.तथा ज्ये.ना.म, विद्यालय, स्थानीय तह, विभिन्न सरोकारवाला संघरसंस्था तथा महिला भागिनी संगठनहरू | २०७६ भित्र र निरन्तर | |
| | मानव बेचबिखन पिडितलाई उद्धार तथा पुर्नस्थापनाको प्रभावकारी संयन्त्र तयार गर्ने। | म.,बा.तथा ज्ये.ना.म | परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय श्रम रोजगार तथा सामाजिक सुरक्षा, मन्त्रालय), नेपाल प्रहरी स्थानीय तह तथा प्रदेश सरकार सरोकारवाला निकाय, विदेशी दुतावासहरू | २०७६ चैत्र | |
| | वैदेशिक रोजगारका क्रममा हुने मानव तस्करी र बेचबिखनको लागि सूचनामूलक जानकारी प्रवाह गरिनेछ। | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | म,म.बा.तथा ज्ये.ना.म, परराष्ट मन्त्रालय, नेपाल प्रहरी | निरन्तर | |
| | हरेक पालिकामा हिंसा प्रभावितहरूलाई उपलब्ध सेवाहरूको विस्तृत विवरण सहितको सूचना सबैले देख्ने स्थानमा राख्ने। | स्थानीय तह, प्र.सा.वि.म | नेपाल प्रहरी, | २०७६ फागुन | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| **३.३.२ लैङ्गिक हिंसा अन्त्यका लागि उत्तरदायित्व कानूनी तथा नीतिगत व्यवस्थामा सुदृढीकरण** | ७५३ वटै स्थानीय तहमा लैगिक हिंसा निवारण कोष स्थापना गर्ने। | स्थानीय सरकार | म.बा.तथा ज्ये.ना.म, प्र.सरकार, प्र.सा.वि.म, | २०७६ माघ/ फागुन | |
| | लैङ्गिक हिंसा निवारणका लागि आचार संहिता बनाइ आफू सम्बद्ध सदस्य मार्फत कार्यान्वयन गर्ने (होटल, रेष्टुरेन्ट सार्वजानिक तथा निजी संघ संस्था) | होटल एशोसिएशन नेपाल, सरोकारवाला निकाय | संस्कृत, पर्यटन तथा नागरिक उडययन मन्त्रालय,ट्रेकिङ एण्ड टुरिष्ट गाइड एशोसिएसन | २०७६ सम्म | |
| | हिंसा पीडितको तत्काल उद्धार, राहत तथा न्यायमा पहुँचका लागि नमूना कार्यविधि तथा संघ प्रदेश तथा स्थानीय तहमा संयन्त्र स्थापना गर्ने। | म.,बा.तथा ज्ये.ना.म, प्रदेश तथा स्थानीय तह | प्र.सा.वि.म, स्थानीय तह, प्र.स.वि.म. नेपाल प्रहरी राष्ट्रिय महिला आयोग जिसस, नगरपालिका तथा गाउँपालिका महासंघ | २०७६ माघ | |
| | लैङ्गिक समानता नीति तर्जुमा गर्ने। | म.,बा.तथा ज्ये.ना.म, | प्रदेश तथा स्थानीय तह, सरोकारवाला निकाय | २०७६/०७७ | |
| | लैङ्गिक हिंसालाई तत्काल सम्बोधन उद्धार तथा समन्वयगर्न केन्द्रमा गृह मन्त्रालय, म.,बा. तथा जे.ना. मन्त्रालय, राष्ट्रिय महिला आयोग र नेपालप्रहरी लगायतका अन्य सरोकारवाला निकाय पहिचान गरी JMC -Joint Monitoring Centre _ | म.,बा.तथा ज्ये.ना.म | गृह मन्त्रालय, राष्ट्रिय महिला आयोग प्र.सरकार, प्र.सा.वि.म, सरोकारवाला निकाय | २०७६/०७७ | |
| | स्थानीय तहमा अल्पकालिन सेवा केन्द्र विस्तार गर्ने। | म.,बा.तथा ज्ये.ना.म | म.तथा बा. विभाग प्र.सा.वि.म, स्थानीय तह | २०७६ भित्र | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | प्रदेशमा एकीकृत सेवा प्रवाह गर्न दिर्घकालिन पुनर्स्थापना केन्द्र स्थापना गर्ने। | म.,बा.तथा ज्ये.ना.म, प्रदेश सरकार, | प्र.सा.वि.म, स्थानीय तह, नेपाल प्रहरी | २०७६/०७७ | |
| | ७ वटै प्रदेशमा लैगिक हिंसा निवारण कोष स्थापना गर्ने। | प्र.सामाजिक वि.म. | म.बा.तथा ज्ये.ना.म, स्थानीय तह | २०७६ भित्र | |
| | छाउपडी उन्मूलन निर्देशिका २०६४ परिर्माजन गर्ने। | म.,बा.तथा ज्ये.ना.म, | राष्ट्रिय महिला आयोग, महिला तथा बालबलिका विभाग, प्र. सा.वि.म, स्थानीय तह | २०७६माघ | |
| | श्रमजिवी महिलाहरू प्रति डान्स रेष्टुरेन्ट, डान्सवार जस्ता कार्यस्थलमा हुने उत्पीडित नियन्त्रण निर्देशिका २०६५ को परिमार्जन गर्ने। | गृह मन्त्रालय | म.बा.तथा ज्ये.ना.म, राष्ट्रिय महिला आयोग, प्रदेश तथा स्थानीय तह | २०७६ फागुन | |
| | लैङ्गिक हिंसाको प्रभाव अध्ययन गर्ने। | म.,बा.तथा ज्ये.ना.म, | राष्ट्रिय महिला आयोग, नेपाल प्रहरी, प्र.सा.वि.म, स्थानीय तह | २०७६चैत/बैशाख | |
| **३.४ रणनीति - न्यायमा पहुँच कानूनी सहायता** | | | | | |
| **३.४.१ उपचारात्मक कार्यक्रम गर्ने** | निःशुल्क कानुनी सहायतालाई थप प्रभावकारी बनाई न्यायमा पँहुच अभिवृद्धि गर्ने। | का.न्या.तथा सं.मा.म.,गृह म.,सरकारी वकिलको कार्यालय | राष्ट्रिय महिला आयोग, अदालतहरू उच्च अदालत, न्यायिक समिति | निरन्तर | |
| | पीडकको आर्थिक अवस्थाको खोज तथा अनुसन्धान गरी पीडित तथा प्रभावितलाई निजबाटै क्षतिपूर्ति भराउने। | गृह मन्त्रालय, नेपाल प्रहरी, | न्यायिक निकायहरू, मानव अधिकार आयोग, न्यायिक समिति। | निरन्तर | |
| | अनुसन्धान पद्दतिलाई आधुनिक तथा वैज्ञानिक बनाउदै पीडितको गोपनीयतामा विशेष ध्यान दिने। | का.न्या.तथा सं.मा.म.,गृह म.,सरकारी वकिलको कार्यालय | न्यायिक निकायहरू, मानव अधिकार आयोग, न्यायिक समिति। | निरन्तर | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यबहारका घटनामा मौन रहने संस्कारको अन्त्य गर्न र सुरक्षित उजुरी संयन्त्र स्थापना गर्न ७७ वटै जिल्ला प्रशासन कार्यालयमा परिपत्र गर्ने। | का.न्या.तथा सं.मा.म.,गृह म.,सरकारी वकिलको कार्यालय | म वा तथा ज्ये ना म, प्र.सरकार, स्थानीय सरकार, जिसस, नगरपालिका तथा गाउँपालिका महासंघ | २०७६ माघ | |
| | कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, एसिड तथा रसायनिक आक्रममण गाउँपालिका महासंघ सम्बन्धी सचेतना फैलाउने। | म.बा.तथा ज्ये. ना.म. | राष्ट्रिय महिला आयोग, प्रदेश सरकार , स्थानीय सरकार राष्ट्रिय सहकारी महासंघ, नीजि तथा आवासिय विद्यालय अर्गनाइजेशन, नेपाल राष्ट्रिय नीजि तथा आवाशिय विद्यालय एशोसियशन नेपाल | निरन्तर | |
| | लिंग पहिचान गरी गरिने गर्भपतन गर्ने प्रचलनलाई निरुत्साहित गर्न नीतिगत व्यवस्था गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | म.बा.तथा ज्ये. ना.म., प्र., सा.वि.म, स्थानीय तह | निरन्तर | |
| | लैङ्गिक हिंसा सम्बन्धी मुद्दाहरूलाई संवोधन गर्न प्रहरी कार्यालयहरू (स्थानीय सरकारदेखि केन्द्रस्तरसम्म) मा महिला तथा बालबालिका सेवा केन्द्रको विस्तार तथा सुदृढीकरण गर्ने। | नेपाल प्रहरी | संघीय मामिला तथा सा.प्र. म., | २०७६ भित्र | |
| | महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रको प्रमुखको रूपमा क्रमशजिल्ला स्तरमा प्र.नि.दर्जा र अन्यत्र जुनियर प्रहरी अधिकृतको महिला प्रहरी अधिकृतलाई खटाउने व्यवस्था गर्ने। | नेपाल प्रहरी | अर्थ मन्त्रालय, प्रहरी प्रधान कार्यालय, कार्य एवं अपराध अनुसन्धान विभाग | २०७६ भित्र | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | तीनै तहका सरकारबीच समन्वात्मक, सहयोगात्मक र सहकार्यात्मक भूमिकामा विस्तार गर्ने (प्रतिवेदन प्रणाली, सूचना तथा तथ्याकको आदान प्रदानको संयन्त्र निर्माण गर्ने। | प्रदेश सरकार स्थानीय तह, नेपाल प्रहरी, प्र.सा.वि.म | म.,बा.तथा ज्ये. ना.म. | २०७६/०७७ | |
| | ७ वटै प्रदेशको म.बा.बा. तथा जे.ना.से.के.मा दरबन्दी भएको कार्यरत एक सि.प्र.अ.(प्र.नि.)लाई पदेन Gender Focal Person तोक्ने | संघ, प्रदेश र स्थानीय तह, नेपाल प्रहरी | म.,बा.तथा ज्ये. ना.म., अर्थ मन्त्रालय, प्रहरी प्रधान कार्यालय कार्य एवं अपराध अनुसन्धान विभाग | २०७६फागुन | |
| | हिसां पिडित महिलाहरूलाई न्याय प्रदान गर्न न्याय सम्पादन प्रकृया सुधार गर्न सिफारिस गर्ने। | संघ, प्रदेश र स्थानीय तह, नेपाल प्रहरी, सरकारी वकिल कार्यालय | म.,बा.तथा ज्ये. ना.म., अर्थ मन्त्रालय, प्रहरी प्रधान कार्यालय कार्य एवं अपराध अनुसन्धान विभाग | २०७६ भित्र | |
| | हरेक पालिकामा कानुनी सल्लाहकार र मनोसामाजिक परामर्शकता नियुक्त गर्ने। | स्थानीय तह, | प्रदेश सरकार | २०७६ भित्र | |
| | लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६संचालन तथा संयोजन मूल समिति मन्त्रीको संयोजकत्वमा गठन गर्ने | म.,बा.तथा ज्ये. ना.म. | समितिका सदस्यहरू | २०७६ भित्र | |
| | हरेक पालिकामा हिंसा सम्बोधन गर्ने Help desk स्थापना गर्ने। | सबै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिका | म.,बा.तथा ज्ये. ना.म. नेपाल प्रहरी, जिसस नगरपालिका तथा गाउँपालिका महासंघ | २०७६ भित्र | |
| | व्यवस्थापकहरूलाई सचेतना कार्यक्रम सञ्चालन गर्ने। | युवा तथा खेलकुद मन्त्रालय | म.,बा.तथा ज्ये. ना.म. | माघ/ फागुन | |

| कार्यक्रम | क्रियाकलाप | जिम्मेवारी निकाय | सहयोगि निकाय | समय सिमा | कैफियत |
|---|---|---|---|---|---|
| | खेल क्षेत्रका लागि लैङ्गिकमैत्री आचार संहिता विकास। | युवा तथा खेलकुद मन्त्रालय | म.,बा.तथा ज्ये. ना.म. | २०७६ चैत मसान्त | |
| | सबै प्रदेशका एक/एक स्थानमा साँस्कृतिक रूपान्तरणमा युवा सचेतना कार्यक्रम सञ्चालन गर्ने (महिला हिंसा जातीय विभेद दाइजो बोक्सी छाउपडीगोठ बालबिबाह ) आदि। | युवा तथा खेलकुद मन्त्रालय | राष्ट्रिय युवा परिषद् | पुष/चैत | |
| **३.५.अभियान संचालन तथा कार्ययोजना कार्यान्वयन संयन्त्र गठन गर्ने** | लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ संचालन तथा संयोजन प्रदेशस्तरीय समिति प्रदेश सामाजिक मन्त्रीको संयोजकत्वमा गठन गर्ने। | सबै प्रदेश सामाजिक विकास मन्त्रालय | समितिका सदस्यहरू म.,बा तथा ज्ये.ना.मन्त्रालय | २०७६ माघ | |
| | लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ संचालन तथा संयोजन स्थानीय तह स्तरीय समितिप्रमुखको संयोजकत्वमा गठन गर्ने। | सबै स्थानीयतह हरू | समिति सदस्यहरू, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, म.,बा.तथा ज्ये.ना.म, प्रदेश सामाजिक विकास मन्त्रालय जिसस महासंघ नगरपालिका तथा गाउँपालिका महासंघ | २०७६ माघ | |

# लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष, २०७६
# संचालन संरचना

## ४.१ कार्ययोजना कार्यान्वयन संचालन तथा संयोजन मूल समिति गठन

कार्ययोजनाको कार्यान्वयन तथा आवश्यक समन्वय तथा सुझावको लागि देहाय बमोजमका सदस्यहरू रहेको मूल समिति गठन गरिनेछ ।

### लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६
### संचालन तथा संयोजन मूल समिति

१) माननीय मन्त्रीज्यू, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय अध्यक्ष

२) माननीय सदस्य, राष्ट्रिय योजना आयोग सदस्य

३) सचिव, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सदस्य

४) सचिव, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सदस्य

५) सचिव, स्वास्थ्य तथा जनसख्या मन्त्रालय सदस्य

६) सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सदस्य

७) सचिव, संचार तथा सूचना प्रविधि मन्त्रालय सदस्य

८) सचिव, युवा तथा खेलकुद मन्त्रालय सदस्य

९) सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय सदस्य

१०) सचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सदस्य

११) सचिव, राष्ट्रिय महिला आयोग सदस्य

१२) प्रहरी महानिरीक्षक, सदस्य

१३) सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय सदस्य

१४) राष्ट्रिय पार्टीका महिला संगठनको एक/एक जना अध्यक्षहरू सदस्य

१५) जि.स.स महासंघ अध्यक्ष सदस्य

| | | |
|---|---|---|
| १६) | नगरपालिका महासंघ अध्यक्ष | सदस्य |
| १७) | गाउँपालिका महासंघ अध्यक्ष | सदस्य |
| १८) | गैरसरकारी संस्था महासंघ अध्यक्ष | सदस्य |
| १९) | राष्ट्रिय सहकारी महासंघ अध्यक्ष | सदस्य |
| २०) | सामुदायिक वन उपभोक्ता महासंघ नेपाल अध्यक्ष | सदस्य |
| २१) | पत्रकार महासंघको अध्यक्ष | सदस्य |
| २२) | नीजि तथा आवासिय विद्यालय अर्गनाइजेशन नेपालका अध्यक्ष | सदस्य |
| २३) | राष्ट्रिय नीजि तथा आवाशिय विद्यालय एशोसियशन नेपालका अध्यक्ष | सदस्य |
| २४) | राष्ट्रपति महिला उत्थान कार्यक्रम निर्देशक समितिबाट प्रतिनिधि सीता पौडेल | सदस्य |
| २५) | विज्ञ समूहबाट प्रतिनिधि शर्मिला कार्की र डा. रेणु राजभण्डारी (अधिकारी) | सदस्य |
| २६) | महिला सञ्चारकर्मीहरूको संगठन अध्यक्ष | सदस्य |
| २७) | मानव बेचविखन विरुद्धको संजाल अध्यक्ष | सदस्य |
| २८) | Male Leader बाट प्रतिनिधि | सदस्य |
| २९) | राष्ट्रिय किशोरी संजालबाट प्रतिनिधि | सदस्य |
| ३०) | सहसचिव, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | सदस्य सचिव |

समितिमा विकास साझेदारका प्रतिनिधि तथा आवश्यकता बमोजिम विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

**मूल समितिको जिम्मेवारी**

- लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष, २०७६लाई सफल पार्न विभिन्न अभियानमूलक तथा सचेतनामूलक कार्यक्रम संचालन गर्ने।
- कार्ययोजना कार्यान्वयनको लागि आवश्यक समन्वय गरी सल्लाह सुझाव प्रदान गर्ने

- आ-आफ्नो निकायगत जिम्मेवारी अनुरूपका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन प्रदान गर्ने।
- लैङ्गिक हिंसा तथा कुरीति विरुद्ध सामूहिक प्रयतनद्वारा समस्याको निराकरणका लागि पहल गर्ने।

  प्रदेशस्तरीय समिति तथा स्थानी तह स्तरीय समितिसँग समन्वय गरी कार्य गर्ने।

## ४.२. हरेक प्रदेशमा सामाजिक विकास मन्त्रीको संयोजकत्वमा लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ संचालन तथा कार्ययोजना कार्यान्वयन समिति गठन गरिनेछ।

**प्रदेशस्तरीय समितिको जिम्मेवारी**

- लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष, २०७६लाई सफल पार्न विभिन्न अभियानमूलक तथा सचेतनामूलक कार्यक्रम संचालन गर्ने।
- कार्ययोजना कार्यान्वयनको लागि आवश्यक समन्वय गरी सल्लाह सुझाव प्रदान गर्ने।
- आ आफ्नो निकायगत जिम्मेवारी अनुरूपका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने।
- लैङ्गिक हिंसा तथा कुरीति विरुद्ध सामूहिक प्रयत्नद्वारा समस्याको निराकरणका लागि पहल गर्ने।
- लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष, २०७६लाई सफल पार्न भएका विभिन्न अभियानमूलक कार्यक्रम तथा कार्ययोजना बमोजिमका कार्यहरूको प्रगति प्रत्येक २/२ महिनामा मूल समितिमा पठाउने।
- संघको मूल समिति तथा स्थानीयतह स्तरीय समितिसँग समन्वय गरी कार्य गर्ने।

## ४.३ सबै स्थानीय तहहरूमा प्रमुखको संयोजकत्वमा स्थानीय तहस्तरीय लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६ संचालन तथा कार्ययोजना कार्यान्वयन समिति गठन गरिनेछ ।

**स्थानीय तहस्तरीय समितिको जिम्मेवारी**

- लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष, २०७६ लाई सफल पार्न विभिन्न अभियानमूलक तथा सचेतनामूलक कार्यक्रम संचालन गर्ने ।
- कार्ययोजना कार्यान्वयनको लागि आवश्यक समन्वय गरी सल्लाह सुझाव प्रदान गर्ने ।
- कार्ययोजना वमोजिमका कार्यहरू संचालन गर्ने गराउने व्यवस्था मिलाउने ।
- संघको मूल समिति तथा प्रदेशस्तरीय समितिसँग समन्वय गरी कार्य गर्ने ।
- आ आफ्नो निकायगत जिम्मेवारी अनुरूपका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सम्वन्धित निकायलाई निर्देशन दिने ।
- लैङ्गिक हिंसा तथा कुरीति विरुद्ध सामूहिक प्रयत्नद्वारा समस्याको निराकरणका लागि पहल गर्ने ।
- लैङ्गिक हिंसा विरुद्धको अभियान वर्ष,२०७६लाई सफल पार्न भएका विभिन्न अभियानमूलक कार्यक्रम तथा कार्ययोजना वमोजिमका कार्यहरूको प्रगति प्रत्येक २/२ महिनामा मूल समितिमा पठाउने ।